लाइफ इन्स्यौरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693
कर्पोरेट कार्यालय, स्टारमल, पुतलीसडक, काठमाण्डौ
फोन: ०१-४०१२६१३, ४०१२६१४, वेबसाइट: www.licnepal.com.np

## यस कम्पनीको १८औं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट)

१) यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको सञ्चालक समितिको निर्णयानुसार १८औं वार्षिक साधारण सभा श्री एम. आर. कुमारज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा सुसम्पन्न भयो ।

२) **सभा भएको मिति, स्थान र समय :-**

मिति : २०७७ साल फाल्गुण २५ गते मंगलबार (तदनुसार ९ मार्च २०२१)

स्थान : एलआईसी शिक्षालय हल, नक्साल, काठमाण्डौ ।

समय : विहान १०.३० बजे प्रारम्भ भई दिउँसो १२.३० बजे सम्पन्न ।

३) **सभाको सूचना :-**

यस कम्पनीको १८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम ९ अनुसार मिति २०७७/१०/२९ गतेको कारोबार र नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकाहरुमा सभा हुने मिति, स्थान, समय र छलफलको विषयसूची सम्बन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

४) **छलफल गरिएका विषय सूची :-**

छलफलका विषयहरु :

(क) साधारण प्रस्तावहरु :

(१) अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०७५/०७६ प्रस्तुत गरी अनुमोदन गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७५/०७६ को वासलात, आय-व्यय हिसाव र सोहि अवधिको नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ( मदन निरौला एण्ड कम्पनीका चार्टड एकाउन्टेन्ट श्री मदन निरौला पून: नियुक्तिको लागि योग्य हुनुहुन्छ । )

(४) संचालक समितिबाट प्रस्तावित ०.५२६३१६७९०% नगद लाभांस पारित गर्ने (बोनस शेयरको कर प्रयोजनार्थ) ।

(५) सर्वसाधारण शेयरधनीतर्फ १ जना सञ्चालकको निर्वाचनबाट चयन गर्ने ।

(६) संस्थापक शेयरधनीतर्फबाट नियुक्त सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने ।

(ग) विशेष प्रस्तावहरु :

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको १०% बोनस शेयर पारित गर्ने । साथै, कम्पनीको हालको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी शीर्षकहरु प्रत्येकमा रहेको रु. २,०१,००,००,०००/- लाई बृद्धि गरी रु. २,२१,१०,००,०००/- कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने । बोनस वितरणपछि कायम हुन आउने दशमलवपछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।

(२) पूँजी बृद्धि सम्बन्धमा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

(३) कम्पनीका प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, आदि) ले आवश्यक सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(४) संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को निर्देशन नं. १२(२) बमोजिम प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक अनुमोदन गर्ने ।

(ग) (१) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु ।

Life Insurance Corporation (Nepal) Ltd.

५) उपस्थिति :-

**सञ्चालकहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| क) श्री एम. आर. कुमार | - | सञ्चालक अध्यक्ष |
| ख) श्री मुकेश कुमार गुप्ता | - | सञ्चालक |
| ग) श्री अशोक कुमार अग्रवाल | - | सञ्चालक |
| घ) श्री भि. के. कुकरेजा | - | सञ्चालक |
| ङ) श्री लक्ष्मी प्रसाद दास | - | सञ्चालक/प्रमुख कार्यकारी अधिकृत |
| च) श्री कुमार केशर विष्ट | - | संचालक |

**कम्पनी पदाधिकारीको उपस्थिति :**

| | | |
|---|---|---|
| क) श्री टि. बर्णवाल | - | नायब प्रमुख कार्यकारी अधिकृत |
| ख) श्री संजीव कुमार अग्रवाल | - | प्रबन्धक |
| ग) श्री श्रीखण्ड श्रेष्ठ | - | नायब प्रबन्धक |
| घ) श्रीमती सिर्जना नेपाल | - | नायब प्रबन्धक |
| ङ ) श्री विपिन कुमार लाल | - | सहायक प्रबन्धक |
| च) श्री स्मृतिराज कण्डेल | - | सहायक प्रबन्धक |
| छ ) श्री विनोदकुमार भुजेल | - | कम्पनी सचिव |
| ज) श्रीमती जिरेनियम श्रेष्ठ | - | बरिष्ठ अधिकृत |

साथै स्थानिय शाखा कार्यालयहरुका प्रमुखहरु र कर्पोरेट कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको ।

**नियमनकारी निकाय :**

क) श्री हरि प्रसाद अधिकारी - उप-रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय

६) शेयरधनीहरुको उपस्थिति :-

| कुल शेयरधनी संख्या | स्वयं उपस्थिति | प्रतिनिधिपत्रद्वारा उपस्थिति | जम्मा उपस्थिति | चुक्ता शेयरमूल्यको प्रतिनिधित्व |
|---|---|---|---|---|
| १३,५४५ (क,ख समुह) | ३ जना (१,६२,४६,७९० किता) | १८ जना (४,४५,०४३ कित्ता) | ५४ जना (१,६६,९१,८३३ किता) | ८३.०४% |

७) गणपुरक संख्या एवं बैधानिकता :-

सभाको प्रारम्भमा उद्घोषकको रुपमा कम्पनी सचिव विनोदकुमार भुजेलले यो साधारणसभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनुभयो ।

८) सभाको अध्यक्षता र सभा सञ्चालन :-

कम्पनीको १८औं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१५(ग) बमोजिम सञ्चालक श्री एम. आर. कुमारज्यूले गर्नुभयो । प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ को अधिनमा रही सभाध्यक्ष श्री एम. आर. कुमारज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

९) १८औं वार्षिक प्रतिवेदनको प्रस्तुति :-

सभामा १८औं वार्षिक प्रतिवेदन २०७५/७६ प्रस्तुत गर्न अध्यक्षज्यूलाई अनुरोध गरिएपछि अध्यक्ष श्री एम. आर. कुमारज्यूले कम्पनीको १८औं वार्षिक प्रतिवेदन अंग्रेजी भाषामार्फत् सभामा प्रस्तुत गर्नुभयो ।

१०) छलफलका लागि आह्वान :-

अध्यक्षज्यूद्वारा वार्षिक प्रतिवेदन र वासलातको प्रस्तुतिपछि सो सम्बन्धमा आ-आफ्नो प्रश्न, जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गरिदिन कम्पनी सचिवद्वारा शेयरधनी महानुभावहरुलाई आह्वान गरियो । यसै क्रममा देहायका शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनुभयो ।

क) श्री अमृतनाथ रेग्मी ख) श्री विष्णुमणी गौतम

ग) श्री रोज कुमार श्रेष्ठ घ) श्री महेन्द्र बहादुर श्रेष्ठ

ङ) श्री डमरुबल्लभ घिमिरे च) श्री सत्रुघन श्रेष्ठ

छ) श्री कुबेर श्रेष्ठ

प्रस्तुत गरिएका जिज्ञासा एवं सुझावहरु :-

क) शेयरधनी अमृतनाथ रेग्मीज्यूले आ.व. २०७५/७६ को व्यापारमा राम्रो वृद्धि गर्न सफल भएकोमा एलआईसी नेपालको संचालक समिति, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन र सम्पूर्ण टिमलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले यस कम्पनीलाई सबैभन्दा ठूलो जीवन बीमा कोष र लगानीसहितको नं. १ जीवन बीमा कम्पनी बन्न सुझाव पेश गर्नुभयो । कम्पनीले बीमितहरुलाई न्युनतम् रु. ६६ प्रतिहजार प्रति वर्ष बीमांकमा बोनसदर दिइरहेकोमा खुसी व्यक्त गर्दै २५ वर्ष वा सोमाथिको अवधिमा दिइने बोनसदरलाई पनि बढाउनु पर्छ भनी सुझाव राख्नुभयो । अझैसम्म कम्पनीले कर्पोरेट भवन बनाउन नसकेकोमा दुःख लागेको छ भन्नु भयो ।

ख) शेयरधनी विष्णुमणी गौतमज्यूले आ.व. २०७५/७६ मा कम्पनीको उत्कृष्ट सूचकांकप्रति खुसी व्यक्त गर्दै समस्त एलआईसी टिमलाई राम्रो कार्य गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले आ.व. २०७५/७६ को १८औं वार्षिक साधारण सभा के कति कारणले ढिला भएको हो भनी जिज्ञासा राख्नुभयो । एलआईसी नेपालले पारदर्शिता र अन्तर्राष्ट्रियस्तरको वित्तिय प्रणाली कायम राखी सबैलाई उदाहरण प्रस्तुत गर्न सफल हुनु पर्ने सुझाव राख्नुभयो । श्री गौतमले यस कम्पनीको वेभसाइटमा एलआईसी अफ इण्डियाको वेभसाइटको लिंक राखी दिए सबै स्टेकहोल्डरलाई अध्ययनको लागि राम्रो हुने थियो भनी बताउनुभयो ।

ग) श्री रोजकुमार श्रेष्ठले एलआईसी नेपालले शेयरमा गरेको लगानी राम्रो देखिएकोमा धन्यवाद दिदैं राम्रो मुनाफा आर्जनको लागि शेयरहरु सहि समयमा बेच्नु पनि पर्छ भनी सुझाव दिनुभयो । उहाँदे वित्तिय प्रणाली सुनिश्चित गर्न आन्तरिक तथा बाह्य लेखापरीक्षकहरुले महत्वपूर्ण भूमिका निर्वाह गरिदिन अनुरोध गर्नुभयो । श्री श्रेष्ठले विविध वित्तिय सुचकांकमाथि प्रकाश पार्दै संचालक समिति र व्यवस्थापनले शेयरधनीहरुको सल्लाह सुझावलाई अवलम्बन गरिदिन अनुरोध गर्नु भयो ।

घ) श्री महेन्द्र बहादुर श्रेष्ठज्यूले कम्पनीको आफ्ना कर्मचारी र अभिकर्ताहरुको प्रशिक्षण र सुविधामा ध्यान दिन र संभव भए शेयरधनीहरुलाई पनि बीमा सम्बन्धी प्रशिक्षण दिन अनुरोध गर्नुभयो । उहाँले कम्पनीको दावी भुक्तानी उत्कृष्ट रहेकोमा धन्यवाद दिदैं झुटो बीमा दाबीप्रति सचेत रही त्यस्ता कार्यलाई निरुत्साहित गर्नु पर्ने सुझाव राख्नु भयो । कम्पनीले व्यतित बीमालेख पुनर्जागरणका लागि विशेष अवसर बीमितहरुलाई प्रदान गर्न सुझाव दिनुभयो । अन्त्यमा, श्री श्रेष्ठले आगामि वर्ष शेयरधनीहरुलाई अझ बढी लाभांश प्रदान गर्न शुभकामना व्यक्त गर्नु भयो ।

ङ) श्री डमरुबल्लभ घिमिरेज्यूले कम्पनीको सबै वितिय सुचकांक राम्रो देखिएकोमा खुसी व्यक्त गर्दै व्यवस्थापनलाई व्यवसाय वृद्धि गर्न, खर्चलाई नियन्त्रित गर्न र मुनाफा वृद्धि गर्न सुझाव दिनुभयो । उहाँले व्यवस्थापनलाई बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिकालाई पूर्ण अवलम्बन गर्न सल्लाह दिदैं अर्को वर्ष शेयरधनीहरुलाई राम्रो लाभांश दिन आग्रह गर्नुभयो । श्री घिमिरेले सभाध्यक्षलाई संचालक समितिमा कम्तीमा १ जना महिला संचालक राख्न सुभाव दिनुभयो ।

च) श्री सत्रुघन श्रेष्ठज्यूले यस वर्ष कम्पनीको उत्कृष्ट बीमाशुल्क आर्जन, राम्रो लगानी नीति, राम्रो बमि दावी भुक्तानी र शेयरधनीलाई राम्रो प्रतिफल दिन सफल भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले आम जनसमुदायको भरोसा विश्वास लिन कर्पोरेट भवन निर्माणमा जोड दिन सुझाव दिनुभयो । अन्त्यमा, श्री श्रेष्ठले कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

छ) श्री मेजर कुबेर श्रेष्ठज्यूले कम्पनीको उत्कृष्ट सुचकांकहरु हेर्न पाएकोमा गर्व र हर्षको महसुस भएको विचार व्यक्त गर्नुभयो । उहाँले वार्षिक प्रतिवेदन पारदर्शी र विश्वासिलो रहेको उल्लेख गर्नुभयो । कम्पनीलाई आईएसओ प्रमाणिकरण भएकोमा धन्यवाद दिदैं वासलातमा देखिएको जरिवानालाई घटाउन प्रमुख कार्यकारी अधिकृतलाई सुझाव दिनुभयो । श्री श्रेष्ठले दक्ष तथा उत्कृष्ट

कर्मचारीहरु कम्पनी छाडी अर्को कम्पनी जाने प्रवृतिलाई रोक्न कम्पनीले आन्तरिक पदोन्नति प्रणाली विकास गरी कम्पनीमा कर्मचारीहरुलाई टिकाइ राख्न सुझाव दिनु भयो । उहाँले कम्पनीलाई अल्पकालिन र दीर्घकालिन योजनाहरु बनाउन र अन्य कम्पनीसँग आफ्नो कम्पनीको तुलनात्मक विश्लेषण गरी कार्य गर्न आग्रह गर्नु भयो । उहाँले कम्पनी र शेयरधनीहरुबीचको सम्बन्ध "एक जना सबैका लागि र सबै जना एक जनाको लागि" भन्ने सिद्धान्तमा हुनु पर्दछ भनी विचार राख्नु भयो । अन्त्यमा, श्री श्रेष्ठले कम्पनीको प्रगतिको कामना गर्नु भयो ।

११) **शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति अध्यक्षज्यूको प्रतिउत्तर :**

शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति सामूहिक प्रतिउत्तर दिने क्रममा सभाध्यक्ष श्री एम. आर. कुमारले श्री कुबेर श्रेष्ठ र अन्य सबै शेयरधनीहरुलाई उहाँहरुले व्यक्त गर्नुभएका महत्वपूर्ण सुझाव, सकरात्मक प्रतिक्रिया र कम्पनीले प्रगतिका लागि अवलम्बन गर्नुपर्ने उपायहरुका लागि धन्यवाद दिनुभयो । उहाँले शेयरधनीहरुको सकरात्मक सुझावहरुलाई टिपिएको र भविष्यमा कार्यान्वयन गरिने प्रतिबद्धता जनाउनु भयो । सभाध्यक्षज्यूले कोभिड १९ महामारीबाट नेपाली जनताहरुले जीवन बीमा मानव जीवनको आधारभूत आवश्यकता हो भन्ने महसुस गरेको बताउदैं बीमा सचेतना अभिवृद्धिका लागि एलआईसी नेपालले महत्वपूर्ण कार्यहरु गरिरहने बताउनु भयो । कर्पोरेट भवन निर्माण सम्बन्धि जिज्ञासामा सभाध्यक्षज्यूले २०७२ सालमा भवन निर्माणको सबै तयारी भएको तर अचानक महाभूकम्प आउँदा निर्माण कम्पनीले करार रद्द गरेको जानकारी गराउँनु भयो । त्यसै गरी, नेपाल सरकारले भवन निर्माणको नयाँ मापदण्ड लागू गर्दा केही जमिन बाटोलाई छाड्नु पर्ने र भवनको प्रस्तावित उचाईमा परिवर्तन गर्नु पर्ने भयो । यसर्थ, अहिलेको जमिन कर्पोरेट भवनको लागि अयोग्य रहेको निष्कर्ष निकाल्दै संचालक समितिले सो जग्गा बिक्री गर्ने र नयाँ जग्गा लिने वा भवनसहितको जग्गा लिने भन्ने निर्णय गरिएको जानकारी गराउँभयो ।

१८औं वार्षिक साधारण सभा किन ढिला भयो भन्ने जिज्ञासाका सम्बन्धमा श्री कुमारले लेखाप्रणालीमा लच्च क्यकतभ लागू भएको र बीमाङ्कीको योग्यता सम्बन्धं निर्देशिकामा केही संशोधन भएको कारण १८औं वार्षिक साधारण सभा गर्न केही ढिलाई भएको बताउनु भयो । कर्मचारी र अभिकर्ताहरुलाई व्यवसायिक प्रशिक्षण दिनु पर्छ भन्ने शेयरधनीहरुको सुझावलाई सकरात्मकरुपमा लिएको बताउदै एलआईसी नेपालले सदैव कर्मचारी र अभिकर्ता प्रशिक्षणलाई जोड दिइएको जानकारी गराउनु भयो । उहाँले भर्खरै काठमाण्डौमा सुविधासम्पन्न तालिम केन्द्र (एलआईसी शिक्षालय) खोलिएको र नियमितरुपमा प्रशिक्षणहरु भैरहेको बताउनु भयो ।

नियम परिपालनाको सन्दर्भमा सभाध्यक्ष श्री एम. आर. कुमारले एलआईसी नेपाल पूर्णरुपले नियम पालना गर्ने कम्पनी रहेको र नेपालको प्रचलित ऐन कानुन र निर्देशिकाहरुको पालना गरिएको जानकारी गराउनु भयो ।

लगानी र लाभांशबारे चर्चा गर्दै सभाध्यक्ष श्री कुमारले कम्पनी सबै लगानीकर्ताहरुको दृष्टीकोरुपमा रहेको र बीमा समितिको लगानी सम्बन्धि निर्देशिका बमोजिम सम्पूर्ण रकम उत्कृष्टतवरले नेपालभित्रै लगानी भएको जानकारी गराउनु भयो । उहाँले आ.ब. २०७६/७७ को बीमाङ्कीय मूल्यांकन भैरहेको र सोको स्वीकृति पाउनासाथ लाभांश घोषणा गरी १९औं वार्षिक साधारण सभा बोलाइने जानकारी गराउनु भयो ।

नं. १ कम्पनी बन्ने सन्दर्भमा सभाध्यक्ष श्री कुमारले एलआईसी नेपालले बीमा समितिले निर्दिष्ट गरेको चुक्ता पुँजी सधैं कायम राख्ने जनाउदै कम्पनीले ७९ शाखा कार्यालयहरुबाट उत्कृष्ट ग्राहक सेवा दिइरहेको बताउनु भयो । उहाँले उत्कृष्ट ग्राहक सेवा र बीमितलाई दिने उच्चतम बोनसका लागि यो कम्पनी सर्वोत्कृष्ट छ भन्नु भयो । प्रथम बीमाशुल्क आर्जनमा नं. १ बन्नका लागि कम्पनीका सिइओ र उहाँको टिमले शेयरधनीहरुको यो चाहनालाई सफल पार्ने गरी कार्य गर्न निर्देशन गर्नुभयो ।

१२) **पब्लिक डाइरेक्टरको चुनाव परिणाम घोषणाः**

चुनाव अधिकृत वरिष्ठ अधिवक्ता श्री मिथिलेशकुमार सिंहले १ जना पब्लिक डाइरेक्टरको स्थानमा उम्मेद्वारी माग गरिंदा श्रीमती कोमल अग्रवालको मात्र उम्मेद्वारी दर्ता भएको जानकारी गराउनु भयो । तसर्थ, पब्लिक डाइरेक्टर श्री कुमार केशर विष्टको स्थानमा १८औं वार्षिक साधारण सभाबाट श्रीमती कोमल अग्रवाल निर्विरोध चयन हुनुभएको घोषणा गर्नुभयो ।

१३) **सभाको निर्णय :-**

(क) **<u>साधारण प्रस्तावहरु :</u>**

(१) अध्यक्षज्यूले राख्नुभएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७५/०७६ सभाद्वारा सर्वसम्मतिकासाथ पारित गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब.२०७५/०७६ को वासलात, आय-व्यय हिसाव र सोही अवधिको नगद प्रवाह विवरणलाई सर्वसम्मतिकासाथ पारित गरियो ।

(३) आर्थिक वर्ष २०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव ऊपर छलफल हुँदा लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षकमा मदन निरौला एण्ड कम्पनीका चार्टड एकाउन्टेन्ट श्री मदन कुमार निरौलालाई पुनर्नियूक्ति गर्ने र पारिश्रमिकको हकमा वार्षिक रु ४,१२,०००/- + भ्याट (अक्षरुपी चार लाख बाह्र हजार प्लस भ्याट मात्र) निर्धारण गर्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिकासाथ पारित गरियो ।

(४) संचालक समितिबाट प्रस्तावित १०% नगद लाभांस (बोनस शेयरको कर प्रयोजनार्थ) पारित गरियोस् भनी राखिएको प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिकासाथ पारित गरियो ।

(५) श्रीमती कोमल अग्रवाललाई नव निर्वाचित पब्लिक डाइरेक्टरकोरुपमा चयन गरिएको विषयलाई सर्वसम्मतिकासाथ अनुमोदन गरियो ।

(६) प्रमोटर शेयरधनी एलआईसी अफ इण्डियाबाट प्रतिनिधित्व गर्नुहुने मनोनित संचालक श्री मुकेश कुमार गुप्ता (Mukesh Kumar Gupta) लाई संचालककोरुपमा नियुक्त गरिएको विषयलाई सर्वसम्मतिकासाथ अनुमोदन गरियो ।

(ख) **विशेष प्रस्तावहरु** :

(१) संचालक समितिवाट प्रस्तावित हालको चुक्ता पूँजी रु. २,०१,००,००,०००/- मा १०% शेयरधनीहरुलाई बोनस शेयरको रुपमा वितरण गर्ने प्रस्तावलाई सर्वसम्मतिका साथ पारित गरियो (साथै वासलात मितिमा कायम रहेको चुक्ता पुजी रु.१,४९,४८,३८,८०० /- को आधारमा प्रस्तावित लाभांश १४.१५३९६१% हुने र सो मध्ये १३.४४६२५९ % बोनस शेयर र ०.७०७६९८२ % नगद लाभांश हुनेछ) । साथै, कम्पनीको हालको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी शीर्षकहरु प्रत्येकमा रहेको रु. २,०१,००,००,०००/- लाई बृद्धि गरी रु. २,२१,१०,००,०००/- कायम गर्ने प्रस्ताव स्वीकृतलाई सभाद्वारा सर्वसम्मतिकासाथ पारित गरियो । बोनस वितरणपछि कायम हुन आउने दशमलवपछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो ।

(२) पूँजी बृद्धि सम्बन्धमा कम्पनीको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिकासाथ पारित गरियो ।

(३) कम्पनीका प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, आदि) वाट प्राप्त सुझाव वा निर्देशन अनुरुप आवश्यक समायोजन वा फेरवदल गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिकासाथ पारित गरियो ॥

(४) संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७५ को निर्देशन नं. १२(२) बमोजिम प्रमुख कार्यकारी अधिकृतले लिनु भएको पारिश्रमिक रकमलाई अनुमोदन गर्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिकासाथ पारित गरियो ।

(ग) (१) अध्यक्षको अनुमतिले अन्य कुनै विषय नरहेको जानकारी गराइयो ।

**१५) धन्यवाद ज्ञापन र विसर्जन :-**

सभाका अध्यक्ष श्री एम. आर. कुमारज्यूले निबर्तमान पब्लिक डाइरेक्टर श्री कुमार केशर विष्टलाई उहाँको कार्यकालमा गर्नुभएको महत्वपूर्ण योगदानका लागि धन्यवाद दिदैं नवनिर्वाचित पब्लिक डाइरेक्टर श्रीमती कोमल अग्रवाललाई बधाई तथा शुभकामना दिनु भयो ।

अन्त्यमा, आफ्नो अमुल्य समय यस लाइफ इन्स्योरेन्श कर्पोरेशन (नेपाल) लि. को १८औं वार्षिक साधारणसभालाई प्रदान गरी सौहार्दपूर्ण वातावरणमा सभा सम्पन्न गर्नमा सहयोग गरिदिएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै दिउँसो १२.३० बजे सभाका अध्यक्ष श्री एम. आर. कुमारज्यूले सभाको विसर्जन गर्नुभयो ।

......................
(श्री एम. आर. कुमार)
अध्यक्ष

......................
(श्री विनोदकुमार भुजेल)
कम्पनी सचिव

Life Insurance Corporation (Nepal) Ltd.